म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९३ शुक्रबार, १५ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 27 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चुनावी सुरक्षाका लागि सातै प्रदेशमा एआईजी खटिए

हेटौंडा, १४ फागुन/नेपाल प्रहरीले चुनावको सुरक्षा व्यवस्थापनका लागि सातै प्रदेशमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)लाई खटाएको छ । सुरक्षा चुस्त पार्नका लागि प्रहरी प्रधान कार्यालय तथा विभिन्न विभागमा रहेका सात एआईजीलाई प्रदेश कमाण्डमा खटिएका हुन् । उनीहरुले चुनावअवधिभर प्रदेशमा रहेर त्यस मातहतका जिल्लाको सुरक्षा कमाण्ड गर्ने प्रहरीले जनाएको छ । चुनावको सुरक्षाका लागि प्रहरीले पूर्वआईजीपी, निर्वाचन आयुक्त लगायतलाई प्रधान कार्यालयमा बोलाएर छलफल गरेको थियो । यसैबीच सुरक्षा निकायले आउँदो चुनाव विथोलिनेगरी सुरक्षा थ्रेट नरहेको निष्कर्ष निकालेको छ । सुरक्षा संगठनले सामान्य, संवेदनशील र अतिसंवेदनशील गरेर तीन भागमा मतदानस्थलको वर्गीकरण गरेका छन् । चुनाव नै विथोल्ने थ्रेट नभए पनि हुनसक्ने झडपतर्फ सचेत रहेर सुरक्षा व्यवस्था मिलाएको सुरक्षा निकायले जनाएका छन् ।

# मतपत्र हेटौंडा आइपुग्यो, तयारी अन्तिमचरणमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक मतपत्र तथा निर्वाचन सामग्री हेटौंडा आइपुगेको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा जिल्लामा तयारी तीव्र बनाइएको छ भने समग्र व्यवस्थापन अन्तिमचरणमा पुगेको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले निर्वाचन सम्पन्न गर्न आवश्यक सम्पूर्ण सामग्री जिल्लामा सुरक्षितरुपमा आइपुगेको जानकारी दिएका छन् । 'निर्वाचनका लागि आवश्यक मतपत्र, मतपेटिका, छाप, मसी, फारामलगायत सम्पूर्ण सामग्री जिल्लामा आइसकेका छन्,' उनले भने, 'अब ती सामग्रीलाई व्यवस्थित रुपमा सम्बन्धित मतदान केन्द्रमा पठाउने तयारी भइरहेको छ ।'




प्रजिअ अधिकारीका अनुसार अबको मुख्यचरण भनेको मतदान अधिकृतलाई सम्बन्धित केन्द्रमा पठाउने काम हो । फागुन १८ गतेदेखि मतदान अधिकृत तथा सहायक अधिकृतहरु आआफ्नो मतदान केन्द्रमा पुग्ने कार्यक्रम तय गरिएको छ । 'फागुन १८ गतेदेखि मतदान अधिकृतहरु मतदान केन्द्रमा पुगेर मतदाता नामावली प्रकाशन गर्ने, आवश्यक सूचना टाँस गर्ने तथा मतदानस्थलको अन्तिम तयारी गर्नेछन्,' प्रजिअ अधिकारीले बताए । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न प्रशासनले सुरक्षा व्यवस्थालाई प्राथमिकतामा राखेको छ ।

मतदान केन्द्रको भौतिक अवस्था, पहुँचमार्ग, सञ्चार सुविधा तथा संवेदनशीलताको समेत मूल्यांकन गरिसकिएको प्रशासनको भनाइ छ । 'निर्वाचन सफल बनाउन प्रशासन, सुरक्षा निकाय र निर्वाचन कार्यालयबीच निरन्तर समन्वय भइरहेको छ,' प्रजिअ अधिकारीले भने, 'मतदान केन्द्रमा आवश्यक पूर्वाधार, कर्मचारी तथा सुरक्षा व्यवस्थापनको काम अन्तिमचरणमा पुगेको छ ।' मतदान केन्द्रमा खटिने कर्मचारीको तालिम सम्पन्न हुँदैछ भने अब उनीहरुलाई आवश्यक सामग्रीसहित केन्द्रमा पठाइने तयारी भइरहेको छ । प्रजिअ अधिकारीले निर्वाचन अवधिभर शान्तिसुरक्षालाई उच्च प्राथमिकतामा राखिने पनि स्पष्ट पारे ।

'चारवटै सुरक्षा निकाय बीच समन्वय गरेर सुरक्षा योजना तयार गरिएको छ । मतदाताले निर्भय वातावरणमा मतदान गर्न सक्ने अवसथाको सुनिश्चित गरिनेछ,' उनले भने । निर्वाचन नजिकिँदै जाँदा जिल्लामा चुनावी गतिविधि बढ्दै गएका छन् भने प्रशासनले मतदातालाई निर्धक्क भएर मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ ।

### प्रतिनिधिसभा निर्वाचनको तयारी पूराः २ लाख १५ हजार कर्मचारी परिचालन

निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले आगामी प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न आयोग पूर्णरुपमा तयार रहेको बताएका छन् ।


कुटनीतिक समुदायका लागि आयोजित विशेष ब्रिफिङ कार्यक्रममा उनले निर्वाचनका सम्पूर्ण व्यवस्थापकीय कार्य अन्तिमचरणमा पुगेको जानकारी दिएका छन् । सचिव राउतका अनुसार यस निर्वाचनमा कुल १ करोड ७९ लाख मतदाता सहभागी हुँदैछन् । जसमा ४९ प्रतिशत महिला र ५१ प्रतिशत पुरुष रहेका छन् । मतदानका लागि देशभर १० हजार ९ सय ६७ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तोकिएका छन् । अस्थायी मतदाताका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्न १ सय ४३ वटा अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको छ ।

निर्वाचनलाई सुरक्षित र व्यवस्थित बनाउन २ लाख १५ हजार कर्मचारी परिचालन गरिएको सचिव राउतले जानकारी दिए । निर्वाचन आचारसंहिता पालना गराउन जिल्लास्तरमा अनुगमन समिति र मुख्य निर्वाचन अधिकृतहरुको नेतृत्वमा टोली सक्रिय रहेका छन् । मतदाताशिक्षालाई प्रभावकारी बनाउन र बदर मत संख्या घटाउन ६ हजार ७ सय ४३ वडास्तरीय स्वयंसेवक १५ दिनका लागि परिचालन गरिएका छन् । निर्वाचन खर्चमा पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न राजनीतिक दल र उम्मेदवारका लागि छुट्टै निर्वाचन प्रचार खाता खोल्न अनिवार्य गरिएको छ ।

कुटनीतिक नियोगका प्रतिनिधिको जिज्ञासा सम्बोधन गर्दै सचिव राउतले मतदान सकिएलगत्तै गणना सुरु हुने र दुर्गमक्षेत्र बाहेक अन्य स्थानमा १ देखि ३ दिनभित्र नतिजा आउने अपेक्षा गरिएको बताए । विदेशी पत्रकारका लागि सूचना तथा प्रशारण विभागमार्फत् पास उपलब्ध गराइने र पर्यवेक्षकका लागि विशेष सुरक्षा र समन्वयको व्यवस्था मिलाइएको उनले स्पष्ट पारेका छन् ।

निर्वाचन लोकतन्त्रको आधारस्तम्भ भएको उल्लेख गर्दै सचिव राउतले छिमेकी र मित्रराष्ट्रहरुबाट प्राप्त सहयोग र सद्भावप्रति आभार व्यक्त गरे ।

# 'बदलिएको काँग्रेसले अब देशको अवस्था बदल्छ'




साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ नेपाली काँगेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले बदलिएको 'काँग्रेस २.०' ले युवापुस्ताको भावनालाई अंगिकार गर्दै आगामी फागुन २१ गते हुने निर्वाचनपछि देशको अवस्था परिवर्तनमा नेतृत्व गर्ने बताएका छन् ।

एक अपील जारी गर्दै गत भदौ २३ र २४ गतेपछि मुलुकमा उत्पन्न विशेष परिस्थितिअनुसार नेपाली काँग्रेसले पनि आफूलाई बदलेको र अब देश र जनताको अवस्थालाई पनि बदल्ने संकल्प गरेकोले काँग्रेसलाई मतदिन अपील गरेका हुन् । उनले सुशासनयुक्त प्रशासन, भ्रष्ट्राचारमुक्त देशलाई नारामा सीमित नगरी समावेशी विकासको स्पष्ट दृष्ट्रिकोणसहित कांग्रेस क्रियाशील रहेको बताए । 'आफू बदलिएर देश बदल्ने संकल्प बोकेको नेपाली कांग्रेस नवीनसोच र स्पष्ट मार्गदर्शनसहित आममतदाता माझ उपस्थित भएको छ ।'

उनले भनेका छन्, 'देशमा भएका हरेक परिवर्तनमा जनमत अनुरुप जिम्मेवार र नेतृत्वदायी भूमिका निर्वाह गरेको नेपाली कांग्रेसले जनजीविकाको भावनालाई पनि आत्मसात गर्दै अगाडि बढेको छ ।' उनले काँग्रेसको विशेष महाधिवेशन मार्फत 'प्राइमरी इलेक्शन' जस्ता आन्तरिक सुधारमार्फत पार्टी संरचना सुदृढ गर्ने नीति लिएको स्मरण गर्दै राज्यका निकाय र सार्वजनिक संस्थामा हुने राजनीतिक भागबण्डा र दलीयकरणलाई पूर्णरुपमा निषेध गर्दै भ्रष्टाचारको मूल अन्त्य र विधिको शासन स्थापना गर्ने प्रतिज्ञा गरेको बताए ।

युवा रोजगारी, निःशुल्क स्वास्थ्यसेवाका लागि सबैलाई बीमा र सबै उपचार बीमाबाट हुने बनाउने अभियानमा नेपाली कांग्रेस क्रियाशील रहेको, यातायातक्षेत्रको सुधार, पर्यटन प्रवर्द्धन र प्राकृतिक स्रोतसाधनको भरपुर उपयोगमा काँग्रेसको क्रियाशील भएर लाग्ने उनको भनाई छ । सफल सहकारी, सहकारीमार्फत् आर्थिक सशक्तीकरण र समस्याग्रस्त सहकारीका साना बचतकर्ताको बचत फिर्ता गराउने विषय नेपाली कांग्रेस पूरा गरेर देखाउन चाहेको बताउँदै उनले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गर्न नेपाली कांग्रेसले काम गरेर देखाउने अठोट व्यक्त गरेका छन् ।

'नेपाली कांग्रेस विगतका कमजोरीको जिम्मेवारी लिँदै, 'बदलियो कांग्रेस, बदल्छ देश' भन्ने मूलसन्देशकासाथ यहाँहरुका बीचमा आएको छ ।' उनले भनेका छन्, 'युवाको आवाजलाई आत्मसात गर्दै सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको प्रतिबद्धता सहित समुन्नत नेपाल, सम्मानित नेपालीको लक्ष्यलाई साकार बनाउन बागमती प्रदेशका ३३ वटै तथा देशका १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार रहेका नेपाली कांग्रेसका उम्मेदवार साथीहरुलाई प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रुखचिन्हमा मतदान गरी विजय गराइदिनुहुन तपाईं सम्पूर्णमा हार्दिक अपिल गर्दछौं ।'




# आत्मविश्वास र आत्मनियन्त्रण अभिवृद्धि कार्यक्रम सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ मकवानपुरस्थित सिआन महिला पुनर्स्थापना केन्द्रमा एकदिने हिप्नोमेस्मेरिज्म तथा मानसिक सुदृढीकरण कार्यशाला सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा उपचाररत करिब ३२ जना महिलाको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रममा तनाव व्यवस्थापन, मननियन्त्रण, ध्यानअभ्यास, भावनात्मक सन्तुलन, आत्मविश्वास अभिवृद्धि तथा सकारात्मक सोच विकास जस्ता विषयमा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो ।

प्रशिक्षकद्धारा सरल, वैज्ञानिक तथा आत्मअनुभूतिमा आधारित अभ्यासमार्फत सहभागीलाई आन्तरिकशक्ति पहिचान गर्न प्रेरित गरिएको थियो । पुनर्स्थापना प्रक्रियामा मानसिक दृढता, आत्मस्वीकार्यता र आत्मसम्मान अत्यन्त महत्वपूर्ण पक्ष हुने भएकाले यस्ता कार्यक्रमले उपचारलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरिएको छ ।

सहभागी महिलाले कार्यक्रमबाट आफूहरुलाई मानसिक रुपमा हलुका, केन्द्रित र प्रेरित महसुस भएको प्रतिक्रिया दिएका थिए । सिआन पुनर्स्थापना केन्द्रले उपचारमात्र नभई व्यक्तित्व विकास, आत्मविश्वास पुनर्निर्माण तथा जीवनमा सकारात्मक रुपान्तरण ल्याउने उद्देश्यले यस्ता सशक्तिकरणमुखी कार्यक्रम निरन्तर सञ्चालन गर्दै आएको छ । कार्यक्रमले उपचार प्रक्रियालाई थप उर्जावान बनाउँदै 'लतबाट मुक्ति मात्र होइन, आत्मबलसहितको नयाँ जीवन' भन्ने सन्देश प्रवाह गरेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# बैंक खातामा ठूला दलको अटेरी

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका ठूला राजनीतिक दलले हालसम्म बैंक खाता सञ्चालनमा ल्याएका छैनन् । एमाले, राप्रपा, रास्वपालाई मुलुकको नियम कानुनमा अटेरी गर्न छुट छैन । निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन खर्च बैंक खातामार्फत नगर्ने राजनीतिक दल तथा उम्मेद्वारलाई कारबाही गर्ने चेतावनी दिएको छ । बैंक खाता नखोली वा खाता खोलेर पनि बैंकिङ कारोबार नगरी खर्च गर्ने दल वा उम्मेदवारलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको आधारमा प्रचलित व्यवस्थाअनुसार कारबाही गरिने आयोगले चेतावनी दिएको हो । आयोगका सूचना अधिकारी सुमन घिमिरेले आयोगले बैंक खातामार्फत मात्र खर्च गर्न राजनीतिक दललाई निर्देशन दिएको जानकारी दिए । आयोगले तोकेको व्यवस्था उल्लंघन गरे निर्वाचन आचारसंहिताअनुसार कारबाही हुने उनको भनाई छ । उनकाअनुसार हालसम्म ९ वटा राजनीतिक दल र १ हजार ३ सय ८९ उम्मेदवारले बैंक खाता सञ्चालनमा ल्याएका छन् । खाता सञ्चालन गर्ने राजनीतिक दलहरुमा नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी र नेपाल जनता संरक्षण पार्टी रहेका छन् । आयोगले बैंक खाता खोलेर बैंकिङ कारोबारमार्फत मात्र निर्वाचन खर्च गर्न आग्रह गरेको छ ।

२५ हजार रुपैयाँभन्दा बढी रकम प्राप्त गर्दा अनिवार्यरुपमा बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था रहेको आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी गरिएको निर्वाचन आचार संहिताको दफा १६ मा निर्वाचन खर्चसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । यो प्रावधानअनुसार उम्मेदवारले उम्मेदवारी दर्ताकै क्रममा आफ्नो अनुमानित निर्वाचन खर्च र त्यसको स्रोत खुलाउनुपर्ने व्यवस्था छ । आचारसंहिताअनुसार उम्मेदवारले निर्वाचन खर्च सञ्चालन गर्न बैंकमा छुट्टै खाता खोल्नुपर्ने, खाता सञ्चालनका लागि छुट्टै पदाधिकारी तोक्नुपर्ने तथा खातामा आएको सबै रकम र गरिएको खर्चको बिलभर पाई सुरक्षित राख्नुपर्नेछ । निर्वाचनलाई पारदर्शी र प्रभावकारी बनाउन आयोगले यस्तो व्यवस्था गरेको उनले बताए । आयोगले बैंक खाता सञ्चालनसम्बन्धी कार्यविधि लागू गरेको छ । कार्यविधिअनुसार प्रत्येक जिल्लामा कोष तथा लेखानियन्त्रक कार्यालयका प्रमुखलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । अनुगमन अधिकृतलाई राजनीतिक दल तथा उम्मेदवारले गरेको खर्च, खर्चको स्रोत र सार्वजनिक सम्पतीको प्रयोग भएनभएकोबारे जानकारी संकलन गर्ने तथा पेश गरिएको विवरणको अनुगमन गर्ने जिम्मेवारी दिइएको सूचना अधिकारी घिमिरेले जानकारी दिएका छन् । यसैगरी निर्वाचन आयोगले निर्वाचन आचारसंहिताविपरित प्रकाशित तथा प्रशारित सामग्रीमाथि निगरानी बढाएको छ । आयोगअन्तर्गत स्थापना गरिएको सूचना सदाचार प्रवर्द्धन एकाइले हानिकारक सूचनाको अध्ययन गरी सम्बन्धित निकायमा कारबाहीको लागि सिफारिस गरेको हो । एकाईमा हालसम्म ६ सय १२ वटा हानिकारक सूचनासम्बन्धी उजुरी प्राप्त भएको आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए ।

प्राप्त उजुरीको व्यवस्थापन तथा हटाउन आयोगले सम्बन्धित निकायमा पत्राचार गर्दै आएको छ । ती निकायबाट केही सामग्री हटाइसकेको पनि उनले बताए । नेपाल प्रहरी अन्तर्गतको साइबर ब्युरोलाई ३ सय ३६ वटा सामग्री हटाउन पत्राचार गरेकोमा १ सय २९ वटा सामग्री हटाएको उनले बताए । हानिकारक सूचना प्रकाशित गर्ने १२ वटा वेबसाइटलाई ब्लक गरिएको छ । उनका अनुसार वेबसाईट नियमन गर्ने निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पनि निर्वाचन आचारसंहिता विपरीत सामग्री प्रकाशन गर्ने १२ वटा वेबसाइट ब्लक गर्न अनुरोध गरिएको थियो । ती साइटले निर्वाचन नतिजा पूर्वानुमान गर्दै भ्रामक र अनुमानित सूचना सार्वजनिक गरेकोले व्लक गर्न सिफारिस गरेको सूचना अधिकारी घिमिरेले बताए । उनका अनुसार प्रेस काउन्सिल नेपालमा पठाइएका ७४ वटा उजुरीमध्ये ३२ वटा सामग्री हटाइएको छ । सम्बन्धित व्यक्तिले आयोगले तोकेको समयसीमाभित्र स्पष्टीकरण पेश गरेको उनको भनाई छ । उनले निर्वाचन आचारसंहिता पालना गर्नको लागि आयोगले कडाई गरिरहेको पनि जानकारी दिए । निर्वाचन प्रचारप्रसारमा अवरोध सिर्जन नगर्न, बालबालिकाको प्रयोग नगर्न, निर्वाचनचिन्हको भौतिक प्रयोग नर्गन, शिक्षक तथा कर्मचारीलाई निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन तथा स्थानीय जनप्रतिनिधिलाई आफ्नो कार्यक्षेत्रमा प्रचारप्रसारमा सहभागी नहुन निर्देशन दिएको उल्लेख गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १६ गते शनिबार २८ फेब्रुअरी २०२६ । द्वादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३२ सूर्यास्त ६:०३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदरद्वविकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# जेनजी विद्रोहको उपज आसन्न निर्वाचन



✍डिल्लीराम मिश्र "कलमजीवी"

समय बलवान् छ, समयको गति बडो विचित्रको छ । हिजोजस्तो आज छैन र आजजस्तो भोलि कदापि रहँदैन । यो शाश्वत आधार हो, जो कोही पनि समयको गतिसँग चल्न सकेन भने निश्चय पनि पछाडि पर्छ । केपी शर्मा ओली, शेरबहादुर देउवाजस्ता सत्ताधारीहरुले समय, श्रम र इतिहासको महत्वसँगै गरिमा एवं जनआवाजको संकेतसमेत नबुझी आफ्नै घमण्ड र दम्भमा रमाउँदा गत भदौ २३ र २४ गतेको जेनजी विद्रोह हुन पुग्यो ।

जेनजी विद्रोहको जगमा अकल्पनीय परिस्थितिमा प्रतिनिधिसभाको आसन्न निर्वाचन हुन गइरहेको छ । आज नचाहँदा नचाहँदै पनि मुलुक सार्वजनिक ऋणको कहाली लाग्दो भारी बोकेर आपतकालीन निर्वाचनमा होमिएको छ । यो निर्वाचन सत्ताधारीहरुको सत्ता उन्माद, अहङ्कार र दम्भको प्रतिफल हो । अझ भनौं, उनीहरु विरुद्धको जनआक्रोशको उपज हो । समग्रमा भन्दा यो निर्वाचन कुशासन, भ्रष्टाचार, अन्याय, अत्याचार, बेरोजगारी र राज्यको लाचारीपनको उपज हो । निर्वाचनले गाउँ-शहरमा चहलपहल त बढाएको छ तर सीमावर्ती क्षेत्र कैलाली र कन्चनपुरका नाकाबाट निर्वाचनको मुखमा भारतीय भूमिमा काम खोज्न पस्ने नेपालीहरुको लर्को पनि उल्लेखनीय रहेको छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्रमा ३ हजार २१३ जनाले उम्मेदवारी दिएका छन् । सबै राजनीतिक दलको तर्फबाट २ हजार २९७ र स्वतन्त्ररुपमा १ हजार १८७ जना चुनावी मैदानमा प्रतिस्पर्धी छन् । यो निर्वाचनमा कुल मतदाता संख्या १ करोड ८९ लाख ३ हजार ६८९ रहेको छ । यस निर्वाचनमा पुरुष ९६ लाख ६३ हजार ३५८ र महिला मतदाता ९२ लाख ४० हजार १३१ रहेका छन् । कुल उम्मेदवारीमा महिलाको प्रतिशत झन्डै १२ मात्र छ । निर्वाचनमा कुन पुस्ता, कस्तो सोच र कसको नेतृत्व ? यो प्रश्नवाचक चिह्नले निर्वाचनलाई बढी सोचनीय बनाएको छ । यसपटकको निर्वाचनमा कति उम्मेदवारलाई आफ्नो विरासत जोगाउने र कतिलाई नयाँ इतिहास रच्ने प्रतिस्पर्धा नै छ । विरासत भत्काउन पनि यो निर्वाचन प्रतिस्पर्धी रहेको छ ।

निर्वाचनको लागि समग्ररुपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी र राष्ट्रिय अनुसन्धान विभागले तयार पारेको एकीकृत सुरक्षा कार्ययोजनाअन्तर्गत ३ लाख ३८ हजार सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचन सुरक्षाका लागि ८० हजार नेपाली सेनासँगै ४० दिनको कार्य अवधि तोकिएको १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी परिचालनमा रहेका छन् । देशभरका १० हजार ९६७ निर्वाचन मतदानस्थललाई सामान्य, संवेदनशील र अतिसंवेदनशील तहमा वर्गीकरण गरी सुरक्षा व्यवस्थानको कार्ययोजना गरिएको छ । निर्वाचन अवधिभर कारागार, विमानस्थल, महत्वपूर्ण सरकारी भवन तथा कार्यालय र जलविद्युत् गृहलगायत संरचनाको सुरक्षामा पनि सेना खटाइएको छ । छोटै समयको लागि रोजगारीको अवसर भए पनि निर्वाचन प्रहरीको सर्वसाधारणका घर-परिवारमा मुलुकको ७ अर्ब रुपियाँ पुग्दै छ, जहाँका परिवारलाई आर्थिक रुपमा केही हदसम्म भरथेग पुग्नेछ ।

आसन्न निर्वाचनमा तीनजना मुख्य निर्वाचन अधिकृत र १८ जना निर्वाचन अधिकृत रहेका छन्, जसमध्ये बागलुङ, मकवानपुर र सिन्धुपाल्चोक जिल्लाका मुख्य निर्वाचन अधिकृतमा महिला रहेका छन् । काठमाडौं जिल्लामा मात्रै नौजना निर्वाचन अधिकृतको प्रतिनिधित्व महिला कर्मचारीबाट भएको छ । हरेक क्षेत्रमा महिला पनि पुरुषसरह सक्षम छन् भन्ने सकारात्मक सन्देश हो यो । हरेकपटक सम्पन्न हुने निर्वाचनअघि उम्मेदवारहरुको शैक्षिक योग्यतालाई लिएर बहस हुने गरेको छ । यसपटक पनि उम्मेदवारको शैक्षिक योग्यतालाई लिएर सामाजिक सञ्जालमा विभिन्न टीकाटिप्पणी भएका छन् । चुनावी मैदानमा उत्रिएका उम्मेदवारहरुको शैक्षिक योग्यतामा विविधता देखिएको छ । निर्वाचन आयोगमा उम्मेदवारले बुझाएको विवरणको विश्लेषण गर्दा सामान्य लेखपढदेखि पीएचडी उपाधि हासिल गरेका व्यक्तिसम्म चुनावी प्रतिस्पर्धामा रहेका छन् । एक सार्वजनिक विश्लेषणअनुसार सबैभन्दा धेरै उम्मेदवार एसएलसी वा सोसरहको श्रेणीमा देखिन्छन् भने एमफिल गरेका उम्मेदवारहरुको संख्या सबैभन्दा कम छ ।

संसद्मा समाज, राष्ट्र र जनताको विषय बुझ्ने इमानदार एवं देशको नीति र कानुन निर्माण गर्ने हुँदा त्यसमाथि स्पष्ट धारणा राख्न सक्ने व्यक्ति उम्मेदवार हुन जरुरी छ । सांसद हुनको लागि कम्तीमा पनि १२ कक्षादेखि स्नातकसम्म उत्तीर्ण गरेको हुनै पर्छ भन्ने आम नागरिकको बुझाइ छ । केवल भीडतन्त्र मात्र बटुलेर हुँदैन, संसद् सदस्यमा अध्ययन गर्ने र लेखन-पढ गर्न सक्ने क्षमता अनिवार्य चाहिन्छ । प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ सहभागीहरुमध्ये सबैभन्दा बढी ७०३ जना एसएलसी वा सोसरहको श्रेणीमा पर्छन् भने ७ जना एमफिल र ५३ जना पीएचडी प्रतिस्पर्धी रहेका छन् । अहिले डिग्री कि दृष्टिकोण भन्ने बहस चलिरहेको अवस्थामा शैक्षिक योग्यता अनिवार्य चाहिन्छ नै, तर त्यो नै सबथोक होइन भन्ने तर्क पनि छ । एसएलसी पनि पास नगरेको व्यक्ति सांसद बनेर देशको अर्थमन्त्री बन्नु कति विडम्बनापूर्ण सवाल हो ? उसले देशको अर्थतन्त्रको लागि के भिजन दिन सक्छ ? यसरी उम्मेदवारहरुको शैक्षिक योग्यता शृंखलालाई हेर्दा यसपटक सामान्य साक्षर ३६ जना, एसएलसीभन्दा कम २०५, प्रवीणता प्रमाणपत्र तह ६१८ र स्नातक तह ५६३ जना रहेका छन् । यस्तै स्नातकोत्तर ३२४ र ८९७ जनाले आफ्नो शैक्षिक योग्यता नखुलाएको अवस्था छ ।

निर्वाचनको व्यवस्थापन र सुरक्षाका लागि झन्डै ३२ अर्ब रुपियाँ खर्च हुने अनुमान सरकारको तर्फबाट गरिएको छ । अकालमा भएको यो निर्वाचनको लागि यति ठूलो धनराशि निर्वाचन हुने परिस्थिति नबनेको भए अरु विकास निर्माणको कार्यमा खर्च गर्न सकिने थियो भन्ने मर्मस्पर्शी तर्क प्रधानमन्त्री सुशिला कार्कीको छ । मुलुक आर्थिक, सामाजिक, राजनीतिक समस्यामा अल्झेको एवं युवापुस्तामा चरम निराशा र आक्रोश बढेको समयमा परिवर्तनको पक्षमा विवेक पुऱ्याउने काम मतदाताकै हो भन्ने आसय प्रधानमन्त्रीको देखिन्छ । देशको सङ्कटग्रस्त अवस्थामा महँगो निर्वाचन साबित भएको छ ।

हरेक उम्मेदवारका लागि अत्यन्त खर्चिलो निर्वाचन आर्थिक बोझ मात्रै होइन, लोकतान्त्रिक मूल्य-मान्यतामा आएको प्रतिकूल ह्रासको सूचक पनि हो । महँगो निर्वाचनले लोकतन्त्रलाई विचार र चिन्तनको प्रतिस्पर्धाभन्दा पनि पैसाको प्रतिस्पर्धामा रुपान्तरण गर्दछ । सही मतदाताको विवेकको परीक्षा पनि निर्वाचन नै हो । विगतमा राष्ट्र र जनताको बृहत्तर हितका लागि भन्दा पनि नेतातन्त्र स्थापित गर्न इतिहासका सुनौला ३५ वर्ष बिते । अब त्यो गल्ती नेपाली मतदाताले गर्दैनन् भन्ने सचेत नागरिकहरुको बुझाइ हो ।

पुराना दलहरु विशेष गरेर कांग्रेस, एमाले र नेकपाले ग्रासरुटमा आफ्नो संगठन बलियो भएको विश्वास गरिरहेका छन् तर परिस्थिति उनीहरुले सोचेजस्तो सहज देखिँदैन । यसपटकको निर्वाचनमा आम मतदाताको दृष्टिकोण मत परिवर्तनको पक्षमा आकर्षित भइरहेको छ । नयाँ मतदाताका साम्नु पुरानाका लागि आफ्नो जीत फर्काउने एवं विरासतको गढ जोगाउने प्रतिस्पर्धामा निर्वाचन हुँदै छ । जेनजी विद्रोहपछि सबै पुराना राजनीतिक दलहरुको मथिङ्गल हल्लिएको छ । नागरिकले परिवर्तन चाहेका छन् । जेनजी आन्दोलनपछि कुनै ठाउँ कसैको विरासतमा छैन ।

झापा-५ ओली-बालेनका कारण चर्चाको शिखरमा छ र ओलीका लागि ढुक्क हुने अवस्था सहज देखिँदैन । देशमा प्राय:को दृष्टिकोण ओली पराजित हुनुमै कल्याण हो भन्ने देखिएको छ । सबैको विश्लेषण ओलीले सिङ्गो देश डुबाए भन्ने हो । त्यसैले यस निर्वाचनमा जेनजी मतदाता नै निर्णायक मतदाता हुन् । देशको कुल मतदातामध्ये १८ देखि ४० वर्षका मतदाता ५२ प्रतिशत रहेको देखिन्छ भने ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत मात्र छन् । सबैभन्दा बढी युवा उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीमा छन्, जुन दलमा ४० वर्षमुनिका उम्मेदवार ४० प्रतिशत नै छन् । देशको कुल जनसंख्यालाई १६ वर्षको उमेर समूहमा विभाजन गरी हेर्ने हो भने यति ठूलो संख्या विश्वका विरलै मुलुकमा भेटिन्छ । जनसांख्यिक बाहुल्यताको दृष्टिकोणले जेनजीकै उमेर समूहका मतदाता निर्णायक छन् ।

यो कुल जनसंख्याको ३३.५ प्रतिशत हो । आसन्न निर्वाचनमा पनि उदाउँदो पुस्ता र वैकल्पिक शक्तिको खोजी भइरहेको छ । अबको बाटो त्याग, एकता र स्पष्ट दृष्टिकोणको हो । नयाँ सोच र परिवर्तन चाहने मतदाता एवं जेनजी आन्दोलनका सहभागी, समर्थक र तिनबाट उदाएका पात्रहरु अहिले एकै ठाउँमा उभिन सकेनन् भने कुनै रुपमा निजी स्वार्थ, अहङ्कार, घमण्ड, धम्की र विकृतिपूर्ण व्यवहारको विरासत बोकेका पुरानै दलका मुखियाहरु पुन: हाबी हुने निश्चित छ । मुलुकको राज्य संरचनाप्रति समाजको विश्वास कमजोर भएमा मतदातामा उदासीनता बढ्ने मात्र हैन, वैकल्पिक विद्रोहसँगै निराशा पनि जन्मिन्छ । निर्वाचनले समाजमा रहेको विद्यमान वर्गीय विभाजनलाई उजागर गर्दछ । समाजका धनी-गरिब, गाउँ-शहर र शिक्षित-अशिक्षित वर्गबीचको शक्ति असमानता मतदाताको व्यवहारमा प्रकट हुन्छ । देशमा अहिले हुन गइरहेको निर्वाचन नियमित वा मध्यावधि निर्वाचन नभई जेनजी विद्रोहको आक्रोशपूर्ण अभिव्यक्तिको आपतकालीन अवस्थाको निर्वाचन हो । सत्तामा पुग्नको लागि कागजी पुलिन्दाको रुपमा सातबुँदे सम्झौता गरेर सरकारको नेतृत्व गरेका एमाले-काङ्ग्रेसको दम्भ र तानाशाही प्रवृत्तिको उपज बन्न पुग्यो देश ।

संविधान संशोधन गर्ने सातवटा बुँदा लिएर सरकारको नेतृत्व गर्दा कमसे कम ८८४ जना सांसद संख्या घटाएर निर्वाचनको सहज वातावरण निर्माण गर्न सकिथ्यो, तर सविधान संशोधनको नाउँमा ओली-देउवाबाट सिन्को भाँच्ने काम भएन । मुलुक अर्बौं रुपियाँ खर्च गरेर निर्वाचनमा होमिएको अवस्थामा ओली-देउवा भने अझै पनि संसद् पुन: स्थापनाको सपना देखेर समान धारमा देखिएका छन् । कस्तो विडम्बना ? अनुचरहरुको घेरामा आफूलाई शक्तिशाली ठान्दै आएका देउवा अहिले आफ्नै कम्मरको खुकुरी कुन हुस्सुले लग्यो भन्दै अलापविलाप गरिहेकै छन्, जसको कुनै औचित्य छैन ।

भारतीय जनता पार्टीले सन् २०१४ को आम निर्वाचनमा नरेन्द्र मोदीलाई प्रधानमन्त्रीको उम्मेदवारका रुपमा खडा गर्दै एउटा बलियो नारा ल्यायो । त्यो नारा थियो- अब की बार मोदी सरकार । यो नारासँगै नरेन्द्र मोदी भारतका प्रधानमन्त्री बने । उनलाई प्रधानमन्त्री मात्रै बनाइएन, नायकका रुपमा स्थापित गराइयो, ठीक त्यस्तै झल्को दिने ब्यानर अहिले मधेसका मुख्य शहरमा टाँसिएका छन् र लेखिएको छ- अब की बार बालेन सरकार । उनी भावी प्रधानमन्त्रीको उम्मेदवार भएकै कारणले बालेन सबैको चासो र चर्चाको शिखरमा छन् । धेरैको बुझाइ छ- बालेन यो नबुझी र अध्ययन नगरीकन केपी ओलीलाई हराउन झापा-५ मा त्यसै गएका छैनन् । बालेनको झापा प्रवेशले इतिहासदेखि देश हडपेकाहरुको रुवाबासी भएको अनुभव यत्रतत्र गरिएको छ । राजनीतिक दल र राज्यसत्तामा युवा भिजन र युवाहरुको प्रतिनिधित्व हुनु कुनै पनि शासनको सुन्दरतम पक्ष हो ।

विगतमा जननिर्वाचित जनप्रतिनिधि र सत्ता राजनीतिको बागडोर सम्हाल्नेहरुले मुलुकको शासन र भ्रष्टाचारलाई पहिलो प्राथमिकतामा राखिदिएको भए आज मुलुकमा युवा आक्रोश हत्या, हिंसा र आगजनीको घटना हुने नै थिएन । त्यसैले अबको निर्वाचन राजनीतिक शासन प्रणाली परिवर्तनका लागि मात्र होइन, आर्थिक समृद्धि, आत्मनिर्भरता र मुलुकको उत्पादन बढाउनतर्फ केन्द्रित रहनुपर्दछ । मुलुकको आगामी दशकलाई स्वर्णिम वनाउन नेपालले स्वदेशमै मर्यादित रोजगारी सिर्जना गर्नेतर्फ विवेकशील मतदाताले समयमै मतदानमा ध्यान दिनु अपरिहार्य छ ।

*(स्रोत: न्यूज अफ नेपाल)*

# कालो बादलभित्र चाँदीको घेरा

✍भानुप्रसाद आचार्य

विगत दुई शताब्दीको इतिहासमा नेपालले एकल, पारिवारिक र लोकतान्त्रिक शासन पद्धतिको अवलम्बन गरी सबैजसो कालखण्डमा अनगिन्ती सत्तापलट, सशस्त्र द्वन्द्व, जनआन्दोलन र आर्थिक-सामाजिक सङ्कटको चुनौती खेपिसकेको छ । यस क्रममा स्वाधीनता र स्वतन्त्रताको रक्षा नै मुख्य चुनौतीका रूपमा अझै कायम छ । विगतका सङ्कटको व्याख्या तथा विश्लेषणको पुनरावृत्ति नगरी इतिहासका त्याग, तपस्या, कष्ट र बलिदानको सम्मान गर्दै 'जेन-जी' विद्रोहपछि मुलुकको स्वाधीनता, स्वतन्त्रता र अस्तित्व रक्षाको चुनौतीमा राज्य संयन्त्र तथा नागरिकहरूले पूरा गर्नुपर्ने कर्तव्यबारे यहाँ संक्षिप्त विवेचना गरिएको छ ।

वर्तमानमा मडारिइरहेको कालो बादलको सङ्कटबाट मुक्ति पाउन यसभित्रै लुकेको चाँदीको घेराको पहिचान, बुद्धिमत्तापूर्ण उपयोग र सकुशल निकास खोज्ने जिम्मेवारी सरकारको हो । समस्या समाधानमा चुकेमा बाह्य हस्तक्षेपको स्वरूप विस्तार भई आगामी दिनहरू झन् कष्टकर हुनेछन् । इतिहासको अनुभव एवं स्मरण ज्ञान संवर्द्धनका स्रोत, आदर्श, मूल्य मान्यता पछ्याउने प्रेरणा, तत्कालीन परिस्थितिको मूल्याङ्कन र सङ्कट समाधानका उपाय पहिल्याउने सान्दर्भिक ज्ञान ग्रहण गर्न सहयोगी हुन सक्छन् । तर, वर्तमानको आन्तरिक एवं बाह्य जटिल परिस्थितिको गहिरो ज्ञान र अनुभूतिविना मुलुकको स्वाधीनता एवं सुरक्षाजस्ता महत्त्वपूर्ण विषयमा सिर्जित सङ्कट समाधानका लागि इतिहासमात्र पर्याप्त हुँदैन । सङ्कट समाधानको वस्तुगत मूल्याङ्कन र तदनुरूपको रणनीतिको आधार वर्तमान हुनुपर्छ ।

संविधान, विधि र नैतिकताको बन्धनमा रहने नेतृत्व नै लोकतन्त्र, सुशासन र समृद्धिको आधारभूत जग हो । विधि, विधान, संस्था, प्रक्रिया र सङ्गठन जग बलियो बनाउने आवश्यक तत्त्व हुन् भने पारदर्शिता, जवाफदेही र प्रतिबद्धता परिणाम मापनका मानक हुन् । राजनीतिक सङ्कट समाधानमा सरकारमात्र पर्याप्त हुँदैन । सरकार, दल र नागरिक समाजबीच आपसी सम्मान, स्वार्थरहित सहभागिता, विश्वास, वचनबद्धता र कर्मबाट सरकारले अनुकूल वातावरण तयार गर्ने हो ।

### भूराजनीतिक परिस्थिति

अन्तर्राष्ट्रिय कानुन, विधि, विधान, सम्झौता र समझदारीले स्वीकार गरेको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रताको सम्मान गर्नुपर्ने कर्तव्यलाई तोडेर बलियाले निर्धालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हस्तक्षेप गर्ने परम्परा विश्वमा कायम छ । नेपालको भूअवस्थितिसँगै गाँसिएर आएको भूराजनीतिक चुनौतीलाई अवसरमा परिणत गर्ने प्रयासमा राजनीति आफैं रुमल्लिएर आन्तरिक विवाद, विभाजन र वैमनस्य बढाउन लागिपरेको छ । आपसी सद्भाव बढाएर मित्रवत् सम्बन्ध मजबुत बनाउन नसकी परमुखापेक्षी बनी परनिर्भरता बढाउनु हाम्रो कूटनीतिको कमजोर पक्ष हो ।

दक्षिण एसियाका मुलुकहरूमध्ये नेपालको विगत साढे सात दशकको पटकपटकको राजनीतिक परिवर्तनको एउटै आधार नागरिक आन्दोलन नै हो । विसं २०१७ सालमा राजाले सत्ता कब्जा गरेर शासन व्यवस्था परिवर्तन गरेको अवस्थाबाहेक नेपालमा भएका जनआन्दोलनमा विदेशी मुलुकको प्रत्यक्ष उपस्थिति रहेन । साथै नेपाली सेनाको क्रियाकलाप पनि जनआन्दोलनहरू प्रति संयमित देखियो । दक्षिण एसियाली परिवेशमा यसलाई महत्त्वपूर्ण सकारात्मक वस्तुस्थिति मानिन्छ । दिल्ली सम्झौता, आर्थिक नाकाबन्दी, विदेशी सहयोगमा अङ्कुश र सरकार सञ्चालनमा राजनीतिक एवं कूटनीतिक माध्यमबाट अप्रत्यक्ष दबाब सदैव रह्यो । साथै सशस्त्र द्वन्द्व समाधान र शान्ति स्थापनाका प्रक्रियामा संयुक्त राष्ट्रसैबाट सहजीकरणको भूमिका निर्वाह भएको थियो ।

विगतका सङ्कट समाधानको प्रयास एवं उपलब्धिको समीक्षा गर्दा समावेशिता, सहभागिता, अपनत्व र राष्ट्रियता संवर्द्धनको पक्षमा दक्षिण एसियाली मुलुकहरूमध्ये नेपालको नागरिक आन्दोलनबाट प्राप्त संवैधानिक एवं संस्थागत व्यवस्था उच्चस्तरको छ । तर दु:खको कुरा, संवैधानिक एवं संस्थागत प्रावधानको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न खोज्दा कार्यान्वयन पक्ष कमजोर बनेको हो । दुई दशक बितिसकेर अर्को आन्दोलन भइसक्दासम्म शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन नसक्नु नेतृत्वको अक्षमताको उदाहरण हो । आगामी दिनमा नेतृत्व सुएिर 'जेन-जी' लगायत विगतका नागरिक आन्दोलनसँगको सम्झौता र सहमतिलाई इमानदारीपूर्वक कार्यान्वयनमा लैजानु राजनीतिक नेतृत्वको कर्तव्य हो ।

भूराजनीतिक अवस्थालाई विश्व, क्षेत्र र छिमेकी मुलुकहरूको नीति, दृष्टि र व्यवहारले प्रत्यक्ष प्रभाव पार्ने हुनाले हाम्रो अवस्थिति, साधनस्रोत, क्षमता र कूटनीतिक कौशल उपयोग गरेर चुनौतीलाई अवसरमा परिणत गर्नुपर्छ । भूराजनीतिक दबाबलाई नदेखेझैं गर्ने, मौन रहने वा उपेक्षा गर्ने सोचमा परिवर्तन गरी राष्ट्रिय हितमा स्पष्ट तथा सन्तुलित राष्ट्रिय नीतिको कार्यान्वयन कागजमा मात्र सीमित नराखी व्यवहारमा उतार्नुपर्छ ।

भूराजनीतिक दबाब तथा प्रभाव विस्तारमा आफ्नै क्रियाकलापले मलजल गरिरहेको छ । हाम्रा राजनीतिक दलका नेताहरूको सोच, क्रियाकलाप र अभिव्यक्तिले आन्तरिक एकतालाई बलियो पार्नुको साटो कमजोर तुल्याइरहेको छ । आन्तरिक एकता बलियो भएमा भूराजनीतिक दबाब कम हुन्छ भन्ने सबैले स्वीकार गर्छन् तर व्यवहारमा खरो उत्रन सक्दैनन् । जबसम्म राष्ट्रिय हितको सर्वोपरितालाई केन्द्रमा राखेर स्पष्ट राष्ट्रिय नीति, नीति कार्यान्वयनमा राजनीतिक दृढता र कूटनीतिक कौशललाई नागरिक तहसम्म महसुस हुने गरी व्यवहारमा उतार्न सकिँदैन तबसम्म बाह्य दबाब निरन्तर रहनेछ ।

### राजनीतिक नेतृत्वको दायित्व

निर्वाचित लोकतान्त्रिक सरकार, दक्षिणपन्थी तथा वामपन्थी गठबन्धनको मिलीजुली सरकार र सङ्क्रमणकालमा 'आवश्यकताको सिद्धान्त' का आधारमा पूर्व प्रधानन्यायाधीशले नेतृत्व गरेको अन्तरिम सरकारको शासन नेपालले भोगिसकेको छ । सरकारको नेतृत्वमा दक्षिणपन्थी, वामपन्थी वा मध्यमार्गी जोसुकै रहँदा पनि राष्ट्रिय स्वाधीनता रक्षाको चुनौती समान रूपले खेपिरहेको यथार्थ हो । राजनीति तरल भएको बेलामा स्वाधीनता रक्षाको चुनौती अझ बढेको छ ।

नैतिकता र सुशासनको पाटोमा जनस्तरबाट उच्चस्तरको अपेक्षा राखिएकामा अन्तरिम सरकारमा सामेल केही मन्त्रीहरूको क्रियाकलाप राजनीतिक स्वार्थको घेरामा परेको देखिएकाले सरकारबाट बाहिरिएर प्रधानमन्त्रीलाई सहयोग पुऱ्याउने क्रम सुरु भएको छ । 'जेन-जी' लगायत स्वतन्त्र नागरिकको आवरणमा लाभ लिन खोज्ने व्यक्तिहरूको उरन्ठेउलो रहर मुलुकको सङ्कट निकासका लागि कहर बन्न सक्ने खतरा छ । सङ्क्रमणको समयमा दलहरू, नागरिक समाज र सरकारसमेतको राष्ट्रिय ऐक्यबद्धताबाट सङ्कट पार लगाउनुपर्नेमा दलहरूको आन्तरिक विवाद बढेर फुट्ने क्रम देखिएकाले यसमा 'बाहिरियाको बीउ' नपरोस् भन्ने चाहना स्वाधीन नेपालीले राखेका छन् ।

अदालती प्रक्रियामा रहेका मुद्दाहरूमा छनौटपूर्ण तवरले मुद्दा फिर्ता वा संशोधन गर्ने सरकारकै कानुनी सल्लाहकार महान्यायाधिवक्ताको निर्णय ठीक भन्न सकिने अवस्था छैन । यस्तो निर्णयले न्याय सम्पादन प्रक्रियामा गम्भीर असर पारी आन्तरिक एवं बाह्य विश्वासमा ठूलो क्षति पुऱ्याउनेछ । अदालतमा विचाराधीन मुद्दामा आफ्नो पक्षको अनुहार हेरेर पैरवी गर्नु पेसागत धर्म होला तर त्यसको छिनोफानो गर्ने जिम्मा न्यायालयलाई नै दिनुपर्छ । कार्यकर्ताबाट नेताको देवत्वकरणले सिर्जना गरेको आत्ममुग्धता, सतही र क्षणिक आत्मरति, ऐनामा देखिएको आफ्नै आकर्षक अनुहार, मुखुण्डोले छोपेर गरिएको आडम्बरी व्यवहार र अनैतिक्ताको कुसंस्कार मुलुक तथा समाज क्षयीकरणका घुनपुतली हुन् । देवत्वकरणले अधिनायकवादी, अनुदार, 'पपुलिस्ट', अराजक र अनुत्तरदायी नेतृत्व जन्माउँछ । यस्ता नेताको आशीर्वादमा हुर्केका कार्यकर्ता केही समय मात्र नेताले प्रवाहित गरेको अप्राकृतिक मिठो हावामा बहन सक्छन् । सिद्धान्त, विचार र निष्ठाप्रतिको समर्पणबाट तर्किएर क्षणिक गुलियो बाटो समात्दा उनीहरूले धरातलीय जनाधार गुमाउँछन् ।

क्रमश: पृष्ठ-३....

# नेता बाँड्दैछन् बालीदेखि स्वीट्जरल्यान्ड सम्मका सपना, के छ वाचापत्रमा ?




काठमाडौं /पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहले विभिन्न प्रदेश पुगेर स्थानीय पर्यटकीय गन्तव्यलाई विश्वचर्चित गन्तव्यसँग तुलना गरी सपना बाँडिरहेका छन् । उनका सपना सामाजिक सञ्जालमा भाइरल पनि बनेका छन् । फागुन पहिलो साता धनगढी पुगेर बालेनले बडिमालिका, रामारोशन, खप्तड 'स्वीट्जरल्यान्डको बाउ' भएको अभिव्यक्ति दिए ।

'देशलाई स्वीट्जरल्यान्ड बनाउनुपर्छ भन्छन्, स्वीट्जरल्यान्डको बाउ बडिमालिका यहीँ छ, किन बनाउनुपर्‍यो ?, रामारोशन यहीँ छ, खप्तड राष्ट्रिय निकुञ्ज यहीँ छ, किन बनाउनुपर्‍यो स्वीट्जरल्यान्ड ?,' उनले भनेका थिए, 'माल भाको चाल नपाको पर्‍यौं, भएको चिज देखाउनै सकेको छैन, सुदूरपश्चिमलाई जोड्नै सकेको छैन ।' उता, मंगलबार मात्र सुनसरी इटहरीमा आयोजित रास्वपाको चुनावी सभामा उनले पर्यटनमा अर्को सपना देखाए । उनले इन्डोनेसियाको बाली र माल्दिभ्स जस्तै नेपालको बराह क्षेत्रलाई विकास गर्न सकिने बताए ।

उनले भने, 'विश्वको पहिलो तीर्थस्थल कुन हो, थाहा छ तपाईंहरूलाई ?, हाम्रै बराह क्षेत्र, यो हामी नेपालीलाई पनि कतिलाई थाहा छैन, त्यो थाहा दिन चाहन्छौं, त्यो थाहा दिने मान्छे बनौं, त्यो थाहा दिन सिस्टम बनाउन चाहन्छौं,' उनले थपे, 'बराहको कोस्टल क्षेत्र इन्डोनेसियाको बाली, मालदिभ्स जस्तो विकास गर्न सकिन्छ, त्यस्तो विकास गर्ने पार्टी बन्न चाहन्छ राष्ट्रिय स्वतन्त्र पार्टी ।'

भावी प्रधानमन्त्रीका रूपमा रास्वपाले अगाडि सारेका बालेनले प्रतिनिधिमूलक रुपमा रहेर गरेका यी वाचा र सपना रास्वपाले कसरी पूरा गर्दैछ त ? रास्वपाले कर्णाली र सुदूरपश्चिमलाई विशेष ध्यान दिई नयाँ पर्यटकीय गन्तव्य स्थापित गर्ने वाचा गरेको छ । घोषणापत्रमा रास्वपाले नेपाल भित्रने पर्यटक संख्या र उनीहरूले नेपालमा प्रतिदिन गर्ने खर्च ५ वर्षभित्र दोब्बर बनाउने लक्ष्य सार्वजनिक गरेको छ ।

पदयात्रामा केन्द्रित पर्यटनलाई विविधीकरण गर्न प्रकृति, संस्कृति र समुदाय जोड्दै नयाँ इकोसिस्टम स्थापनामा ध्यान दिने वाचा रास्वपाले गरेको छ । सडकले विगतका पदमार्ग ध्वस्त पारेका ठाउँमा वैकल्पिक पदमार्ग बनाउन बजेट छुट्याउने वाचा उसको छ ।

त्यस्तै पर्वतीय पर्यटनमा व्यापक सुधार र सुरक्षाको प्रत्याभूति दिने भनेको छ । हिमाललाई ६ हजार मिटरदेखि ८ हजार मिटरसम्म तीन श्रेणीमा विभाजन गर्ने, ८ हजार माथिका हिमाल चढ्न तलको उचाइका हिमाल चढेको अनुभव अनिवार्य गर्ने भनिएको छ । नेपालको भौगोलिक लाभ उपयोग गर्दै भारत-नेपाल सीमाबाट १.५ घण्टाको दुरीमा रहेका पहाडी क्षेत्रमा हिल स्टेसन विकास नीति कार्यान्वयन गर्ने भनिएको छ ।

पशुपतिनाथ र लुम्बिनी बाहेक काठमाडौं उपत्यकाको संस्कृति तथा वास्तुकला, देवघाटदेखि मुक्तिनाथसम्मको हिन्दु-बौद्ध महिमा र राम-जानकी विवाहको ऐतिहासिक भूमि जनकपुरलाई धार्मिक-सांस्कृतिक पर्यटन केन्द्रका रुपमा प्रवर्द्धन गर्न विशेष पूर्वाधार बनाउने वाचा गरिएको छ । यसबाहेक अन्तर्राष्ट्रिय ब्रान्डिङ नपुगेका सुदूरपश्चिम, कर्णाली, मधेस र कोशीका प्रसिद्ध स्थान र सम्पदा प्रवर्द्धनमा जोड दिने समेत रास्वपाको घोषणापत्रमा उल्लेख छ ।

नेपाल पर्यटन बोर्ड पुनर्गठन हुने र नेपाललाई विश्वकै प्रमुख पर्वतारोहण प्रशिक्षण केन्द्रका रूपमा विकास गर्ने रास्वपाले भनेको छ । नेपाल वायुसेवा निगम व्यवस्थापनमा करारका माध्यमबाट निजी क्षेत्र भित्र्याउने र थप जहाज ल्याउने वाचा रास्वपाको छ । पोखरा-भैरहवा विमानस्थल पूर्ण सञ्चालनमा ल्याउने, काठमाडौं विमानस्थलको नयाँ टर्मिनल भवन द्रुत गतिमा बनाउने र निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको योजना समेत रास्वपाले वाचापत्रमा राखेको छ ।

### कांग्रेसको लक्ष्य वार्षिक ३० लाख पर्यटक

नेपाली कांग्रेसले पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको आधार बनाउने भन्दै वार्षिक ३० लाख पर्यटक भित्र्याउने लक्ष्य सार्वजनिक गरेको छ । नेपाललाई आध्यात्मिक राजधानीका रूपमा ब्रान्डिङ गर्ने योजना बनाइएको छ । कांग्रेसले सांस्कृतिक र आध्यात्मिक अनुसन्धानका लागि काठमाडौं, पोखरा, लुम्बिनी, जनकपुर, मुक्तिनाथ र कर्णालीमा अन्तर्राष्ट्रिय अध्ययन केन्द्र स्थापना गर्ने भनेको छ ।

जनकपुर-मिथिला, लुम्बिनी, काठमाडौं उपत्यका, हिमाली, किराँत, कर्णाली तथा सुदूरपश्चिमका संस्कृति अनुसार क्षेत्रीय सांस्कृतिक राजधानी र पर्यटन सर्किट निर्माण गर्ने घोषणा गरिएको छ । 'जनकपुर-लुम्बिनी-काठमाडौं' आध्यात्मिक र 'बुद्ध-टु-शिव' जस्ता डिजिटल करिडोर लगायत मुक्तिनाथ, जनकपुर र लुम्बिनीलाई हवाई तथा सडक सञ्जालले जोडी एकीकृत पर्यटकीय सर्किट बनाउने भनिएको छ ।

प्रदेशमा विषयगत पर्यटकीय गन्तव्यहरू बनाउँदै सम्पदा जीर्णोद्धारमा मौलिक शैली अनिवार्य गर्ने घोषणा गरिएको छ । कला-संस्कृतिको डिजिटल ब्रान्डिङमा युवा प्रोत्साहन गर्न विशेष कोष स्थापना गर्ने भनिएको छ । सुरक्षित र किफायती हवाई सेवा उपलब्ध गराइ नेपाललाई आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न नेपाल आउने विदेशी पर्यटक र आन्तरिक यात्रुका लागि हवाई भाडा सस्तो बनाउने भनिएको छ । एयर ट्राफिक व्यवस्थापन चुस्त बनाएर आकाशमा हुने जहाज होल्डिङ समय घटाउने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । आगामी १० वर्षभित्र वार्षिक ३० लाख पर्यटक भित्र्याउने भनिएको छ । पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा चलाउन र विश्वका प्रमुख सहरबाट सिधा उडान सम्पर्क गर्न उच्चस्तरीय कूटनीतिक पहल गर्ने वाचा गरिएको छ ।

पर्यटन क्षेत्रको हिस्सा कुल गार्हस्थ उत्पादन (जीडीपी) मा १५ देखि २० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । नेपाल वायुसेवा निगमको ६ महिना भित्र व्यवस्थापन सुदृढीकरण मार्फत 'जनताको ध्वजावाहक' मा रूपान्तरण गर्ने कांग्रेसको योजना छ । पर्वतारोहण रोयल्टीको ३० प्रतिशत रकम सिधै हिमताल संरक्षण र स्थानीय जलवायु अनुकूलनमा खर्च गर्ने वाचा गरिएको छ ।

### एमालेको लक्ष्य : पर्यटक वृद्धि, लामो बसाइ-गाउँ सहरमा काम र कमाइ

एमालेले नेपाललाई रहस्यमय हिमाली आश्चर्ययजनक प्रकृति, धार्मिक र सांस्कृतिक विशेषता, विशिष्ट संस्कृति र असाधारण साहसिक पर्ययटनको अनुभव दिने पर्यटकीय गन्तव्य बनाउने भनेको छ । पूर्वाधार विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा र नयाँ गन्तव्य विकास मार्फत आगामी पाँच वर्षमा पर्यटक आगमन दोब्बर बनाउने एमालेको घोषणा छ ।

एमालेले पर्यटक सुरक्षालाई पहिलो प्राथमिकता दिने भनेको छ । नेपालसम्मको अन्तर्राष्ट्रिय उडानलाई सुविधाजनक बनाउने एमालेको वाचा छ । भिसा र आन्तरिक उडानको भाडादरमा पुनरावलोकन गर्ने भनिएको छ । लक्जरी रिसोर्ट, इकोलज, वेलनेस सेन्टर निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन नीति ल्याउने भनिएको छ । त्यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले नेपाललाई आकर्षक, सुरक्षित र पहुँचयोग्य पर्यटन गन्तव्य बनाइने भन्दै घोषणापत्र ल्याएको छ ।

हरेक जिल्ला/नगर पालिकामा टुरिज्म प्रोफाइल तयार गरिने नेकपाको योजना छ । भैरहवा र पोखरा विमानस्थलबाट उडान विस्तार तथा नेपाल एयर लाइन्सको प्राविधिक सुधारको योजना नेकपाले ल्याएको छ । नेपालमा १५ भन्दा धेरै हिल स्टेसन बनाएर भारतीय पर्यटक आकर्षण गर्ने भनिएको छ । कम चिनिएका हिमाली क्षेत्रका हिमाल खुला गरी आरोहण प्रवर्द्धनको योजना राखिएको छ । खप्तड, बडिमालिका, पाथीभरा लगायत हरेक प्रदेशका विशिष्ट पर्यटकीय क्षेत्रको विकासमा विशेष पहल गर्ने समेत नेकपाले भनेको छ ।

पर्यटनमा सार्वजनिक-निजी-साझेदारीका रूपमा लगानी भित्र्याउने भनिएको छ । आक्रामक पर्यटकीय प्रवर्द्धन मार्फत संख्या वृद्धिको योजना राखिएको छ । नेकपाले समेत निजगढ विमानस्थल निर्माण गर्ने विषयलाई प्राथमिकता दिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पर्यटनलाई वैदेशिक मुद्रा आर्जन र रोजगारी सिर्जनाको एक अंगका रूपमा संरक्षण र विकास गर्ने भनेको छ । लोकप्रिय पदमार्ग विस्थापित हुँदै गएको भन्दै वैकल्पिक पदमार्ग बनाउने राप्रपाको योजना छ ।

*(स्रोत: अनलाइनखबर)*

# विवाह बन्धनमा बाँधिए 'डियर कमरेड' जोडी



काठमाडौं /साउथ इन्डस्ट्रीको सर्वाधिक चर्चित जोडी विजय देवरकोन्डा र रश्मिका मन्दाना विवाह बन्धनमा बाँधिएका छन् । बिहीबार भारतको राजस्थान राज्यमा अवस्थित उदयपुरको लग्जूरियस रिसोर्टमा उनीहरूले तेलुगू र कोडवा रीतिरिवाज अनुसार विवाह गरेका हुन् । विवाह समारोहमा दुई पक्षका सीमित पारिवारिक सदस्य र केही फिल्मकर्मीहरूको उपस्थिति रहेको थियो ।

विजय र रश्मिकाले विवाह समारोहमा मोबाइल र क्यामेरा प्रयोगमा पूर्ण रूपमा प्रतिबन्ध लगाएका थिए । जसले गर्दा विवाहका तस्वीर बाहिर आउन सकेको थिएन । अन्तत: उनीहरू स्वयंले बिहीबार साँझ आ-आफ्नो सामाजिक सञ्जालमार्फत विवाहका तस्वीरहरू सार्वजनिक गरेका छन् । दुवै विवाहको परम्परागत पहिरनमा आकर्षक देखिएका छन् ।

रश्मिकाले विवाहको तस्वीर इन्स्टाग्राममा पोस्ट गर्दै क्याप्सनमा लेखेकी छन्, 'म अब तपाईंहरूलाई चिनाउँदै छु, मेरो श्रीमान् श्री विजय देवरकोन्डा । त्यो व्यक्ति, जसले मलाई साँचो प्रेमको महसुस र शान्तिको अनुभव गरायो । मलाई हरेक दिन भन्यो कि ठूलो सपना देख्नु एकदम सही हो । र, सधैं मलाई यो विश्वास दिलायो कि म आफ्नो सोचभन्दा पनि कयौं ज्यादा हासिल गर्न सक्छु ।'

उनले विजयको बारेमा आफूले एउटा किताब नै लेख्न सक्ने उल्लेख गरेकी छिन् । विजयलाई 'विज्जू' भन्दै उनले अगाडि लेखेकी छन्, 'म आज त्यो महिला बनेकी छु, जसको मैले सधैं सपना देखेकी थिएँ । र, त्यो बनाउनमा तपाईंको नै ठूलो भूमिका छ । म साँच्चै आफूलाई भाग्यमानी ठान्छु ।' उनले विजयप्रति आफ्नो भावना व्यक्त गर्न शब्द नै कम हुने समेत बताएकी छन् ।

सन् २०१७ मा विजय र रश्मिकाको पहिलो पटक भेट भएको थियो । उनीहरू फिल्म 'गीता गोविन्दम'को सेटमा मिलेका थिए । त्यसपछि विस्तारै एकअर्कासँग घुलमिल भएका उनीहरूको सन् २०२३ देखि अफेयरको हल्ला चल्न थालेको थियो । सन् २०१९ मा प्रदर्शन भएको फिल्म 'डियर कमरेड'मा उनीहरूको केमेस्ट्री दर्शकले अत्याधिक रुचाएका थिए ।

# आमाको भूमिका गर्छु, तर टाइपकास्ट हुनु छैन: उषा रजक



काठमाडौं/विश्वमै हेर्ने हो भने कतिपय अभिनेत्रीहरू करिअरको उत्तरार्धमा पनि फिल्ममा आमाको भूमिका गर्न रुचि देखाउँदैनन् । झन् फिल्ममा स्थापित हुन संघर्ष गरिरहेका अभिनेत्रीहरू त यस किसिमको भूमिकाबाट टाढै रहन्छन् । यसले भविष्यमा फिल्ममा हिरोइन बन्न अवसर नै नदिने धेरैको बुझाइ छ । यसैले उनीहरू सकभर मुख्य अभिनेत्रीको भूमिकाकै खोजीमा रहन्छन् ।

तर, अभिनेत्री उषा रजक उमेरले ४० पनि नपुग्दै फिल्ममा आमाको भूमिकामा देखिन थालेकी छन् । उनले आफ्नो नयाँ फिल्म 'लालिमा'मा आमाको भूमिका निभाएकी छिन् । उनको छोरीको भूमिकामा रोश्नी कार्की छिन् । सुरूमा उषालाई यो फिल्ममा मुख्य भूमिका नै अफर भएको थियो । तर, उनी आफैँले आमाको भूमिकामा अभिनय गर्ने निर्णय गरिन् ।

उनले बिहीबार पत्रकारसँगको एक भेटमा भनिन्, 'मलाई सुरूमा निर्देशकले लालिमा पात्रको भूमिका नै अफर गर्नुभएको थियो । तर, कथा पढिसकेपछि मैले आमाको रोल गर्छु भनेँ । किनकि, त्यसको एक साताअघि फेसबुकमा मलाई 'अब आमाको भूमिका गर्नुस्' भनेर केही कमेन्ट आएको थियो । त्यो कुराले मलाई छोएको थियो । यसैले यसमा मैले आमाको भूमिका गर्ने निर्णय गरेँ ।'

उनलाई फिल्ममा आमा, दिदी वा भाउजुको भूमिका गर्नु नराम्रो हो भन्ने लाग्दैन । भन्छिन्, 'विशेषगरी दक्षिण एसियाली राष्ट्रमा उमेर ढल्किएपछि आमा, दिदी वा भाउजुको भूमिका गर्न मात्र योग्य ठानिन्छ । मैले त छानेरै 'लालिमा'मा आमाको भूमिका गरेँ । आमा वा दिदीको भूमिका खेल्नु नराम्रो होइन । कलाकारको रूपमा कथालाई अगाडि सार्नु चाहिँ हाम्रो दायित्व हो ।'

उषा भविष्यमा पनि आमाको भूमिका गर्न आफू तयार रहेको बताउँछिन् । तर, उनलाई टाइपकास्ट भने हुनु छैन । 'म टाइपकास्ट हुँदिनँ भनेरै आम्दानीका लागि जागिर पनि खाइरहेकी छु । यसले गर्दा मैले भूमिका छान्न पाएकी छु,' उनी भन्छिन्, 'आम्दानीको स्रोत कलाकारिता मात्र भयो भने म डुब्छु । त्यो हुँदा जस्तो भूमिका पनि गर्नुपर्छ । तर, मैले छान्न पाउने क्षमता बनाएकी छु ।'

पछिल्लो समय जानीजानी आफूले सहायक भूमिकामा काम गरिरहेको उनको भनाइ छ । उनी सहायक पात्रलाई पनि बलियो बनाउनुपर्छ भन्ने मान्छिन् । 'लिडमा हुँदा डाइलगहरू पनि राम्रो हुन्छ । सहायक पात्रलाई चाहिँ देखाउनका लागि मात्र राखिन्छ । त्यसमा कुनै गहन चिज नै हुँदैन । तर, मैले लेखकहरूलाई सहायक पात्रलाई पनि बुलन्द पार्नुपर्छ भन्दै आएकी छु,' उषाले भनिन् ।

# कालो बादलभित्र...

नेताको 'म' भन्ने दम्भ र आसेपासेको स्वार्थी कर्तुतले जनधरातल गुम्दा उनीहरू आफूमात्र नडुबेर सवार जहाज नै डुबाउँछन् । नेपालका दलहरूको वास्तविक स्थिति जनधरातल छाडेर सुरक्षित अवतरण गर्न नसकी चुनौतीपूर्ण अवस्थामा रहेको देखिन्छ ।

नेताको दम्भ र आत्ममुग्धता, दिशाविहीन बहाव र लम्पसारवादी लाचारीले लोकतन्त्र माथि नै धावा पुग्ने हो कि भन्ने भय जनमानसमा सिर्जना भएको छ । सङ्क्रमणकालीन व्यथा लम्बिने र सङ्कटको कालो बादल छिट्टै हट्ने आशा क्षीण बन्दै गएको छ । यस्तो निराशा चिर्न पनि आसन्न निर्वाचन समयमै सम्पन्न हुनुपर्छ ।

गल्ती स्वीकार गरी जनतासँग माफी मागेमा हाम्रो परम्परामा क्षमा पाइने सम्भावना रहन्छ अन्यथा कठघरामा सजाय भोग्नुपर्ने नियतिलाई नेतृत्वले स्वीकार गर्नुपर्ने स्थिति छ । ईर्ष्या, स्वार्थ र अहङ्कारले भरिएको व्यक्ति शासन सञ्चालनमा पुग्यो भने दमन, भाँडभैलो र अन्योल अवश्यम्भावी छ ।

यस्तो नेतृत्वबाट राष्ट्रिय स्वाधीनताको रक्षा हुन सक्दैन । मनोविकारले ग्रस्त नेतृत्वको क्रियाकलापबाट विश्व नै पीडित छ, नेपाल अछुतो रहन सक्दैन । तसर्थ, आसन्न निर्वाचनमा जनप्रतिनिधि चयन गर्दा सतर्कता अपनाउनु सर्वसाधारण नागरिकहरूको पनि दायित्व हो ।

आन्तरिक बेमेल र दासमनोवृत्ति बाह्य शक्तिका लागि उर्वर क्षेत्र हुन् भन्ने बुझ्दाबुझ्दै समस्या समाधानमा ध्यान नदिएर जिम्मेवार पदाधिकारीबाट आउने आत्मरतिपूर्ण अभिव्यक्तिले गम्भीर प्रयासलाई खिसीट्युरी गरिरहेका छन् । आन्तरिक एकतालाई छियाछिया पार्न बाह्य आशीर्वाद पाउन तँछाडमछाड गर्ने होड पनि बढेकै छ । कालो बादलभित्र चाँदीको घेरा खोज्ने नाममा यत्रतत्र लम्पसार पर्ने क्रियाकलाप समाधानमा बाधक बन्नेछन् । यस्तो प्रवृत्तिले बाह्य हस्तक्षेपलाई थप मलजल गर्ने र सङ्कट निम्त्याउने खतरा रहन्छ ।

### समस्या समाधानको बाटो

वर्तमान सङ्कट शुद्ध राजनीतिक पद्धति परिवर्तनसँग मात्र आबद्ध नभई जनचेतना, समाज पुनर्निर्माण र समृद्धिको सपनासँग जोडिएको छ । यस यथार्थलाई स्वीकार गरेर राजनीतिक दल र नागरिक समाजले समाधानको सम्पूर्ण जिम्मेवारी सरकारको टाउकोमा मात्र थोपर्नु पर्याप्त हुँदैन । विसं २०८४ मा हुनुपर्ने नियमित निर्वाचन २०८२ मा हुन गइरहेको असामान्य अवस्थालाई सबै पक्षले स्वीकार गर्नुपर्छ । 'जेन-जी' आन्दोलनको पृष्ठभूमिमा हुन लागेको यो चुनावले अतिरिक्त महत्त्व राख्नु स्वाभाविक हो ।

सङ्कट निकासको महत्त्वपूर्ण द्वारका रूपमा हुन गइरहेको २०८२ साल फागुन २१ को निर्वाचनलाई सफल बनाई मुलुकको भविष्य सुनिश्चित गर्न सरकार, दल र नागरिक समाज एकताबद्ध हुनुपर्छ । अन्यथा, सङ्क्रमण र अस्थिरताले निम्त्याउने भूराजनीतिक चेपुवाको क्रीडास्थल बनी सङ्कट झनै गहिरिने खतरा छ । अन्तरिम सरकारका कतिपय निर्णयहरूको तथ्यगत समालोचना गर्दागर्दै पनि निर्वाचन सम्पन्न गराउने मुख्य काममा सरकारलाई बाधा पुर्‍याउनु हुँदैन ।

आगामी दिनमा आन्तरिक वा बाह्य सञ्जालको प्रभाव परिरहनेछ । तर, देशभक्त नेपालीलाई अवमूल्यन गरी भीरबाट खसाल्ने प्रयास सफल हुन दिइने छैन । गुह्य रूपमा बाह्य आत्मा धारण गरेर आन्तरिक अवतारको आवरणमा उत्रिने तत्त्वको पहिचानमा सर्वसाधारण नेपाली नागरिक सजग छन् । विग्रहको दुराशयपूर्ण अभिलाषा निस्तेज पारी राष्ट्रिय हित, स्वाधीनता र स्वतन्त्रताको रक्षा गर्न नेपाली जनता सक्षम छन् ।

बलियो राष्ट्रले निर्धो राष्ट्रलाई आफ्नो अधीनमा राख्ने विश्व परिस्थिति र प्रतिकूल क्षेत्रीय परिवेशमा नेपाललाई सङ्कटबाट निकास निकाल्न कठिन छ । विधि, विधान र समृद्धिका मुद्दा समाधानका लागि प्रतिनिधिसभाको शान्तिपूर्ण एवं निष्पक्ष निर्वाचन तोकिएकै समयमा गर्नु नै एउटै मात्र उपाय हो । तत्काल अरू कुनै विकल्प देखिँदैन । अस्थिरता र अन्योलको सङ्कटपूर्ण राजनीतिक वातावरणमा पृथक् सिद्धान्त र पृष्ठभूमि भएका दलहरूबीच हुने चुनावी साँठगाँठले व्यक्तिको स्वार्थ पूरा होला तर मुलुकले निकास पाउँदैन । समस्या समाधानका लागि दीर्घकालीन सोच हुनुपर्छ । निर्वाचन परिणामपश्चात् सत्ता सञ्चालनको जिम्मेवारी सम्हाल्न संविधान तथा कानुनको बाटो सधैं खुला छ ।

*(साभार: बाह्रखबरी)*

# 'बिहे नभए पनि बच्चा जन्माउँछु' भन्ने नम्रताले कसिन् लगनगाँठो



काठमाडौं /अभिनेत्री तथा ओशो सन्न्यासी नम्रता सापकोटा वैवाहिक जीवनमा बाँधिएकी छन् । उनले ओजस नाम गरेका युवकसँग बिहीबार लगनगाँठो कसेकी हुन् । यतिबेला काठमाडौंस्थित नम्रताको निजी निवासमा उनीहरूको विवाह समारोह चलिरहेको जनाइएको छ । विवाहमा दुई पक्षका सीमित पारिवारिक सदस्यको मात्र उपस्थिति रहेको छ ।

विवाहमा नम्रताले लालीगुराँस अंकित परम्परागत पहिरन र शिरमा शिरफूल (गहना) लगाएकी छन् भने उनका श्रीमान् शेरवानीमा ठाटिएको तस्वीरमा देख्न सकिन्छ । नम्रताले बुधबार साँझ मेहन्दी समारोहको एक तस्वीर सामाजिक सञ्जालमा पोस्ट गर्दै आफू विवाह बन्धनमा बाँधिन लागेको जानकारी गराएकी थिइन् । तर, उनले श्रीमानबारे कुनै जानकारी दिएकी थिइनन् ।

२०७८ सालमा नम्रता आफ्नो एक अभिव्यक्तिका कारण समाजिक सञ्जालमा निकै ट्रोल भएकी थिइन् । उनले अबको तीन-चार वर्षमा आफ्नो विवाह नभए बच्चा भने जन्माउने बताएकी थिइन् । उनले भनेकी थिइन्, 'म अहिले नै विवाह गर्दिनँ तर म बच्चा जन्माउन चाहिँ चाहन्छु । तीन-चार वर्षमा बिहे भएन भने म बच्चा जन्माउँछु होला । यो कुरा मेरो आमा-बुबालाई पनि थाहा छ ।'

कामको कुरा गर्दा उनी पछिल्लो पटक फिल्म 'नम्बरी सुन'मा देखिएकी थिइन् । सन् २०१३ मा प्रदर्शन भएको फिल्म 'अन्तराल'बाट डेब्यु गरेकी उनले अहिलेसम्म एक दर्जनभन्दा बढी फिल्ममा अभिनय गरिसकेकी छन् । त्यसमध्ये उनको करिअरको एउटा मात्र हिट फिल्म 'छक्का पन्जा' हो । यसमा उनले अभिनेता जितु नेपालको जोडी बनेर अभिनय गरेकी थिइन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# निर्वाचनको अन्तिम परिणाम नआएसम्म मदिरा विक्री र सेवनमा रोक

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले मतदानको ७ दिन अघिदेखि अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ (मदिरा) विक्री-वितरण तथा सेवनमा पूर्णरुपमा प्रतिवन्ध लगाएको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको सिफारिसमा आयोगले यो निर्णय गरेको हो । आयोगले निर्वाचनको ७२ घण्टा अघिदेखि अन्तर्राष्ट्रिय सीमा नाकाहरु पूर्णरुपमा बन्द गर्ने निर्णय गरेको छ । निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले सुरक्षा वस्तुस्थितिको सुक्ष्म आँकलन गर्दै यस्तो सिफारिस गरेको आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले बताएका छन् । मदिरा सेवनका कारण हुनसक्ने सम्भावित झडप र अशान्तिलाई रोक्न यो कदम चालिएको उनको भनाइ छ ।




प्रवक्ता भट्टराईका अनुसार आयोगले फागुन १८ गते राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसार निषेधअवधि (मौनअवधि) लागू गर्ने जनाएको छ । फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते मतदान सम्पन्न नभएसम्म अत्यावश्यक सेवा (एम्बुलेन्स, दमकल, खानेपानी, विद्युत आदि) र पास प्राप्त बाहेकका सम्पूर्ण सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय भएको बताए । 'मतदानको मितिभन्दा ७ दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ विक्री-वितरण तथा सेवनमा प्रतिवन्ध लगाउने र निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्ने व्यवस्था मिलाउन सरकार र गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय भएको छ ।

फागुन १८ गते राति १२ बजेदेखि लागूहुने निषेधअवधिमा आचारसंहिताको पूर्णपालना गर्न गराउन सबै प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिइएको छ । निषेध गरिएका कार्य कहीँ कतै भएगरेको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गरी आयोगलाई जानकारी गराउन भनिएको छ' उनले बताए । केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारमा संलग्न भएको उजुरी परेपछि आयोगले त्यस्ता गतिविधिमा संलग्न नहुन चेतावनी दिएको छ ।

शिक्षा ऐन र निर्वाचन आचारसंहिताविपरीत दलको प्रचारमा हिँड्ने कर्मचारीलाई पदबाटै हटाउनेसम्मको कारबाही हुने प्रवक्ता भट्टराईले बताए । शिक्षा ऐन, २०२८ र निर्वाचन आचारसंहिता, २०८२ ले विद्यालय वा विश्व विद्यालयमा संवद्ध कर्मचारी र शिक्षकलाई कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न, सवारीसाधन वा भवन प्रयोग गर्न दिन पूर्णरुपमा रोक लगाएको छ । दलको कार्यकारिणी समितिमा रहेको पाइएमा पदबाटै हटाइनेसम्मको कानूनी व्यवस्था रहेको आयोगले स्मरण गराएको छ ।

शिक्षक तथा कर्मचारीलाई सचेत गराउँदै प्रवक्ता भट्टराईले भने, 'शैक्षिक संस्थामा संवद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीले आफ्नो पदको मर्यादा र तटस्थतालाई मनन् गर्दै कुनै दल वा उम्मेदवारको प्रचार प्रसार नगर्न सचेत गराइन्छ । आचारसंहिता प्रतिकूल हुनेगरी गतिविधिमा सामेल भएको पाइएमा कानून बमोजिम कडा कारबाही हुने व्यहोरा जानकारी गराइन्छ ।'

**सवारीसाधनमा रोक तर, हवाई उडान सुचारु**

निर्वाचनको दिनको आवागमनलाई व्यवस्थित गर्न आयोगले सवारीसाधन सञ्चालनमा रोक लगाएको छ । फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सार्वजनिक तथा निजी सवारी साधन चलाउन पाइने छैन । यद्यपि अत्यावश्यक सेवाका साधन जस्तै: एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चारसेवा, सुरक्षा निकायका साधन, विद्युत, खानेपानी, ढल तथा दूरसञ्चार मर्मतका साधन र कुटनीतिक नियोगका सवारी साधन भने निर्वाधरुपमा चल्न पाउनेछन् । अन्यको हकमा आयोगबाट पास प्राप्त गरेका सवारीसाधन मात्र सञ्चालन हुन पाउनेछन् ।

सडक यातायातमा रोक लगाइए पनि मतदानको दिन अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान भने यथाव् सञ्चालन हुने प्रवक्ता भट्टराई बताए । हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर वा होटलसम्म आउजाउ गर्न निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिइनेछ । त्यस्तै अत्यावश्यक सवारी पास वितरणलाई सहज बनाउन आयोगको सचिवालय परिसरमा छुट्टै 'पास वितरण एकाइ' खडा गरिनेछ । जसमा निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौंका दुई-दुई जना कर्मचारी खटिनेछन् ।

आयोगले निर्वाचन प्रचार प्रसार निषेधअवधि (मौनअवधि) का लागि पनि नियम लागू गरेको छ । आगामी फागुन १८ गते राति १२ बजेदेखि नै मौनअवधि सुरु हुनेछ । यसअवधिमा कुनैपनि प्रकारका चुनावी प्रचारप्रसार गर्न पाइनेछैन । जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी यसको सुक्ष्म अनुगमन गर्नेछ । मतदाताको सहजतालाई ध्यानमा राख्दै आयोगले मतदानका लागि वैकल्पिक परिचयपत्रको व्यवस्था पनि गरेको छ ।

मतदाता नामावलीमा नाम भएका तर, मतदाता परिचयपत्र नभएका नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमतिपत्रमध्ये कुनै एउटा आधिकारिक कागजात देखाएर पनि सहजै मतदान गर्न पाउनेछन् । यस विषयमा मतदान केन्द्रमा खटिने सुरक्षाकर्मी र कर्मचारीलाई आवश्यक सूचना संप्रेषण गरिसकिएको आयोगले जनाएको छ ।

# म्यानेजमेन्टको ह्याकाथन प्रतियोगिता सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसमा ह्याकाथन 'एनिग्मा' प्रतियोगिता सम्पन्न भएको छ ।

एआईमार्फत शिक्षामा रुपान्तरण भन्ने मुलनाराकासाथ नवोदय इनोभेसन सेन्टरको प्रायोजनमा सोमबारदेखि सुरु भएको प्रतियोगिता बुधबार सम्पन्न भएको हो । प्रतियोगितामा समूह जी-वन प्रथम, द बी डायरी फाइल्स समूह द्वितीय र एभेन्जर्स एसेम्बल समूहले तृतीय स्थान हासिल गरेको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका समूहले क्रमश: २५ हजार, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । कलेजको सूचनाप्रविधि विभाग र विद्यार्थी विकास केन्द्रले प्रतियोगिताको आयोजना गरेको थियो । कलेजमा स्नातक तह तेस्रो र चौथो वर्षमा अध्ययनरत सूचनाप्रविधि संकाय (बीआईएम र बीसीए) का ८० जना विद्यार्थीले प्रतियोगितामा भाग लिएका थिए ।

सहभागी विद्यार्थीलाई १६ वटा समूहमा विभाजन गरिएको थियो । प्रतियोगितामा सहभागी विद्यार्थीले मेन्टरसिप (परामर्श), अवधारणा विकास र प्रोटोटाइप निर्माण गरेर प्रस्तुतिकरण गरेका थिए । शिक्षाक्षेत्रलाई आधुनिक बनाउन आर्टिफिसियल इन्टेलिजेन्समा आधारित नवीन समाधान विकास गर्नु प्रतियोगिताको मुख्य उद्देश्य थियो । यस्ता प्रतियोगितामार्फत नवीनतालाई प्रोत्साहन गर्न र विद्यार्थीलाई सशक्त बनाउ सधैँ प्रतिबद्ध रहेको कलेजले जनाएको छ ।

# एसियन पेन्ट्सको आम्दानी पौने ६ अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ हेटौंडा औद्योगिक क्षेत्रमा उत्पादन प्लान्ट रहेको एशियन पेन्ट्स (नेपाल) ले सन् २०२५ मा ५ अर्ब ८९ करोड ८० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको छ । यो अघिल्लो वर्षको तुलनामा २६.१८ प्रतिशत अर्थात् १ अर्ब २२ करोड ४० लाख रुपैयाँ बढी हो ।

सन् २०२४ मा कम्पनीको सञ्चालन आम्दानी ४ अर्ब ६७ करोड ४० लाख रुपैयाँ थियो । आर्थिक मन्दीका कारण सन् २०२४ मा आम्दानीमा उल्लेख्य गिरावट आएपनि सन् २०२५ मा कम्पनीले पुन: सुधार गरेको जनाएको छ । उत्पादन तथा बिक्रीमूल्यमा सुधार सँगै सञ्चालन नाफा मार्जिन पनि बढेर करिब १४ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्ष करिब ९ प्रतिशत थियो । यसअघि कम्पनीले सन् २०२३ मा ७ अर्ब ८० करोड ७० लाख रुपैयाँ, सन् २०२२ मा ८ अर्ब ५७ करोड ४० लाख रुपैयाँ, सन् २०२१ मा ६ अर्ब २८ करोड ५० लाख रुपैयाँ, सन् २०२० मा ५ अर्ब ३१ करोड रुपैयाँ, सन् २०१९ मा ६ अर्ब १६ करोड ७० लाख रुपैयाँ, सन् २०१८ मा ५ अर्ब ३४ करोड ७० लाख रुपैयाँ, सन् २०१७ मा ४ अर्ब १३ करोड ७० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको थियो ।

कम्पनीले विगतका वर्षमा नाफाको ठूलो हिस्सा सञ्चित गर्दै आएको छ । पछिल्ला पाँच वर्षमा कर पछिको नाफाको औषत करिब ३५ प्रतिशत मात्र लाभांशका रुपमा वितरण गरिएको छ । यसकारण सन् २०२५ जुलाई मध्यसम्म कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) करिब ७ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । यसमध्ये करिब ९९ प्रतिशत सञ्चित आम्दानी रहेको छ भने करिब ७१ प्रतिशत नगद सञ्चितिका रुपमा रहेको छ । सन् १९८३ मे हेटौंडामा स्थापना भएको एशियन पेन्ट्स नेपालमा रङ उत्पादन तथा बिक्रीमा संलग्न अग्रणी उद्योगका रुपमा परिचित छ ।

कम्पनीको हालको स्वीकृत उत्पादन क्षमता वार्षिक करिब १ लाख १ हजार ८ सय मेट्रिकटन छ । कम्पनी भारतको एशियन पेन्ट्स लिमिटेडको सहायक कम्पनी हो । कम्पनीमा एशियन पेन्ट्स लिमिटेडको करिब ५३ प्रतिशत सेयर स्वामित्व रहेको छ भने भारतकै रबि एसोसिएट्सको करिब ९ प्रतिशत हिस्सा रहेको छ । बाँकी सेयर २६ जना व्यक्तिगत सेयरधनीको स्वामित्वमा रहेको छ । कम्पनीले ४४ वटा फरक-फरक ब्रान्डअन्तर्गत सिमेन्ट पेन्ट, इमल्सन, डिस्टेम्पर, नाइफिङ पेस्ट, सोल्भेन्ट तथा प्राइम अन्डरकोट लगायतका विभिन्न रङजन्य उत्पादन तथा बिक्री गर्दै आएको छ ।

यसमार्फत कम्पनीले उत्पादन दायरा विस्तार गर्दै रङ उद्योगसँगै बाथरुम सामग्री क्षेत्रमा उपस्थिति बलियो बनाउने रणनीति अघि बढाएको छ । सन् २०२५ जुलाई मध्यसम्म कम्पनीको तरलता अवस्था सुदृढ रहेको छ । यो अवधिसम्म कम्पनीसँग करिब ५ अर्ब २० करोड रुपैयाँ बराबरको ब्यालेन्स सिटमा देखिने तरल स्रोत उपलब्ध छ । साथै ९० दिनभन्दा कम अवधिलाई आधार मानेर करिब १ अर्ब रुपैयाँ बराबरको अप्रयुक्त कर्जा सीमा (ड्रइङ पावर) पनि रहेको छ । कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट १ अर्ब ५० करोड रुपैयाँ ऋण लिएको छ ।

# मतदातासँग प्रत्यक्ष संवाद गरेर प्रतिबद्धता सार्वजनिक गर्दै

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार रामेश्वर रानाले बकैया गाउँपालिकामा व्यापक घरदैलो तथा मतदाता भेटघाट कार्यक्रम सञ्चालन गरेका छन् ।

उनले गाउँपालिकाको सबै वडामा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो प्रतिबद्धता सार्वजनिक गरेका हुन् । घरदैलो अभियानका क्रममा स्थानीय मतदाताले उत्साहपूर्वक सहभागिता जनाउँदै सूर्यचिन्हमा मतदान गरी रानालाई विजयी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । बाराको निजगढ हुँदै बकैया-६ गवरस्थान पुगेका रानालाई स्थानीयवासीले भव्य स्वागत गरेका थिए । व्यापक जनसहभागिता सहित सम्पन्न स्वागत कार्यक्रमले बकैयामा एमालेप्रतिको समर्थन बलियो बन्दै गएको संकेत दिएको स्थानीयको भनाइ छ ।



स्थानीय विकासमा रानाले विगतमा पुऱ्याएको योगदानलाई स्मरण गर्दै मतदाताले उनीप्रति विश्वास व्यक्त गरेका छन् । २०५४ सालमा तत्कालीन जिल्ला विकास समितिको सभापति रहँदा रानाको पहलमा बकैया-६ गवरस्थानमा जनजागृति आधारभूत विद्यालय स्थापना स्वीकृत भएको थियो । विद्यालयका तत्कालीन अध्यक्ष टंक गोलेले जिल्लाको समग्र विकासमा निरन्तर योगदान दिएका इमानदार र विकासप्रेमी नेताकारुपमा रानालाई पुन: मतदान गर्न पाउँदा गर्व लागेको प्रतिक्रिया दिए ।

घरदैलो अभियानमा रानाले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि र रोजगारीका विषयमा आफ्ना योजना सार्वजनिक गरेका छन् । एमाले नेतृत्वको सरकारले देशभर पूर्वाधार विकास, सडक सञ्जाल विस्तार, शिक्षा तथा स्वास्थ्य संस्थाको सुदृढीकरण र राष्ट्रिय स्वाभिमानको संरक्षणमा महत्वपूर्ण काम गरेको उल्लेख गर्दै उनले बकैयालाई समृद्धिको केन्द्र बनाउने प्रतिबद्धता जनाए । पछिल्लो समय मुलुकले भोगेको अस्थिरता र विकास अवरोधपछि अब परिणाममुखी र स्थिर नेतृत्व आवश्यक रहेको उनको भनाइ थियो ।

'अब नारा होइन, परिणाम चाहिएको छ । एमालेले मात्र स्थायित्व, विकास र राष्ट्रिय हितको रक्षा गर्न सक्छ,' रानाले भने । स्थानीय जनउत्साह, विगतका उपलब्धि र एमालेको विकासवादी नीतिका आधारमा बकैयामा आफ्नो पक्षमा जनसमर्थन बढ्दै गएको रानाको दाबी छ ।

# मकवानपुरका कराँते प्रशिक्षक भोलोन र लामाको बिदाई




साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ नेपाल सितोरियो कराँते संघ मकवानपुरले दुई भोलेन्टियर प्रशिक्षकलाई बिदाइ गरेको छ ।

लामो समयदेखि खेलाडी र प्रशिक्षकको दोहोरो जिम्मेवारी निभाउँदै आएका सविन भोलोन र बुद्ध लामालाई बिदाइ गरिएको हो । विशेष कामको सिलसिलामा जिल्ला बाहिर जान लागेका उनीहरुलाई हेटौंडा-४ स्थित संघको कार्यालयमा बुधबार बिदाइ गरिएको हो । बिदाइ कार्यक्रममा नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपक लामा, सल्लाहकार विशालराज महत र नगरअध्यक्ष दामोदर दाहालको उपस्थिति रहेको थियो ।

जिल्ला अध्यक्ष लामाले जिल्लादेखि राष्ट्रियस्तरका खेलाडी उत्पादनमा प्रशिक्षक भोलोन र लामाले महत्वपूर्ण भूमिका खेलेको बताए । प्रशिक्षक भोलोनले संघलाई आवश्यक परेको खण्डमा आफूहरु सधैँ सहयोग गर्न तयार रहेको बताएका छन् । प्रशिक्षकद्वय बाहिरिएसँगै अब डोजोको प्रशिक्षण कार्यलाई वरिष्ठ प्रशिक्षकद्वय तुकेन्द्रमान श्रेष्ठ र मुकुन्दमान श्रेष्ठले निरन्तरता दिने संघले जनाएको छ ।

# ८५ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ विश्वव्यापी कल्याणकारी संस्था वीलभयू फाउन्डेसनले बिहिबार हेटौंडामा रक्तदान कार्यक्रम गरेको छ । नेपाल रेडक्रस सोसाइटी, हेटौडा शाखाको सभा हलमा आयोजित '८८१औं विश्वव्यापी रक्तदान कार्यक्रम'मा ८५ जनाले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानिया लगायत विशिष्ट व्यक्तिहरूको सहभागिता थियो । मानिसहरूलाई रक्तदानमा निरन्तर रुचि राखेर सहभागी हुनलाई प्रोत्साहित गर्ने र जीवन बाँड्नुको महत्त्व बुझाउन सो कार्यक्रमको आयोजना गरिएको थियो । "रगत चाहिँ कृत्रिम रूपमा बनाउन नमिल्ने र अरू कुराद्वारा प्रतिस्थापन गर्न नसकिने एक अमूल्य जीवन स्रोत हो । त्यसैले हाम्रा छिमेकीहरूलाई पुन: स्वस्थ दैनिक जीवनमा फर्काउन थोरै भए पनि मद्दत पुऱ्याउनका लागि सदस्यहरू एकजूट भएर लागिपरेका छन् । यस्तो कार्यक्रम काठमाडौंमा मात्र नभएर विभिन्न क्षेत्रमा लगातार आयोजना गरेर मानिसहरूलाई जीवन बाँड्नुको महत्त्व बोध गराउने एउटा माध्यम बनाउने योजना रहेको छ" वीलभयूका अधिकारीले भने ।

वीलभयूको 'विश्वव्यापी रक्तदान कार्यक्रम'चाहिँ एक जनाको रक्तदान दुई जना, चार जना हुँदै फैलिएर आदानप्रदानको सद्‌गुण चक्र निर्माण गर्ने उद्देश्य रहेको विश्वव्यापी जीवन बचाउने अभियान हो । यसले स्थानीय समुदायमा रक्त आपूर्ति अभाव सुल्झाउन र विश्व स्वास्थ्य संगठनले अवलम्बन गरेको नि:शुल्क स्वैच्छिक रक्तदानको संस्कृति फैलाउन योगदान पुऱ्याइरहेको छ । कोरियाबाट सुरु भएर विगत २० वर्षदेखि विश्वका ठाउँ-ठाउँमा आयोजना हुँदैआएको यो कार्यक्रम रगतको खाँचो परेका छिमेकीहरूका लागि बलियो सहारा बनेको छ । गत वर्षसम्म, ६४ देशहरूबाट करिब १,३७,००० जना सहभागी भएर ६२,००० जनाभन्दा बढीले रक्तदान गरेका थिए ।

वीलभयूले नेपालमा पनि विभिन्न स्वयंसेवा गतिविधिहरूमार्फत स्थानीय समुदायमा योगदान पुऱ्याउँदै आएको छ । गण्डकी प्रदेशको गोरखा र बागमती प्रदेशको भक्तपुर मध्यपुर थिमिका विद्यालयहरूमा सबै विद्यार्थीहरूका निम्ति शैक्षिक टिभी, स्कूल झोला, लुगा र पंखा सहयोग, स्कूल साइनबोर्ड जडान तथा घेराबार मर्मत जस्ता कार्यहरू गरेर वीलभयूले भावी पुस्तालाई पनि सक्रिय रूपमा सहयोग गरेको छ । त्यसै गरी वातावरण कल्याण गतिविधि रहेको 'क्लिक वर्ल्ड अभियान' र वृक्षारोपण गरेर हरितगृह ग्याँस न्यूनीकरण गर्ने 'आमाको उद्यान परियोजना मार्फत बस्नको लागि दिगो ठाउँ बनाउँदै राष्ट्रिय विपद्‌लाई जित्ने कार्यमा पनि वीलभयू सक्रियतापूर्वक सरिक भएको छ । सन् २०१५को महाभूकम्प पीडितका निम्ति राहत कार्य, भारी वर्षाबाट क्षतिग्रस्त घर नयाँ गरी निर्माण गर्न सहयोग र कोभिड-१९ महामारीलाई जित्न क्वारेन्टिन सामग्री वितरण गर्ने कार्य पनि वीलभयूद्वारा आयोजना गरिएको थियो ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना